### धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
### धरान, सुनसरी, प्रदेश नं. १, नेपाल
### नगर कार्यपालिका बैठक
### बैठक संख्या ४/०७६/०७७

आज मिति २०७६ कार्तिक ७ गते बेलुका ५:३० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठक कार्यवहाक नगर प्रमुख श्री मञ्जु भण्डारी सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री मञ्जु भण्डारी सुवेदी | का. वा. नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जिवनराज सुवेदी | का. वा. वडा अध्यक्ष | धरान-७ | |
| ९. | श्री रूद्रवहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंक बहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २३. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २४. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २६. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २७. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २८. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २९. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क.सं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३०. | श्री विनोदकुमार पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ३१. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

**बैठकमा छलफल र निर्णय भएका विषयहरुः-**

१. **चलचित्र महोत्सव २०७६ सम्बन्धमाः-**

प्रदेश सरकार आयोजक र धरान उपमहानगरपालिकाका सह-आयोजक भै मिति २०७६/०७/२१ देखि २४ सम्म धरान सभागृहमा आयोजना हुन गइरहेको चलचित्र महोत्सव २०७६ का सम्बन्धमा बैठकलाई जानकारी भयो । उक्त चलचित्र महोत्सव सफल पार्न सबैले आ-आफ्नो ठाऊबाट सहयोग गर्ने निर्णय गरियो ।

२. **खरीद गुरुयोजना स्वीकृत गर्ने सम्बन्धमाः-**

आ.व. ०७६।७७ को विनियोजन विधेयकमा स्वीकृत भएका नगर गौरवका आयोजनाहरुमध्ये केही आयोजनाहरु बहुवर्षिय खरिद प्रकृयाबाट संचालन गर्नुपर्ने भएको हुनाले पेश भएको खरीद गुरुयोजना स्वीकृत गर्ने निर्णय गरियो ।स्वीकृत खरीद गुरुयोजना पछाडी पानामा टाँस गरी प्रमाणित गरिएको छ ।

३. **परामर्श सेवा दिने व्यक्ति वा विज्ञ समूहको मासिक पारिश्रमिक दररेट स्वीकृत गर्ने सम्बन्धमाः-**

आ.व. ०७६।७७ को लागि विभिन्न आयोजनाहरुको पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गर्न तथा उपमहानगरपालिकाका लागि आवश्यक पर्ने विभिन्न गुरुयोजना (मास्टर प्लान) , योजनाहरु तर्जुमा गर्न उपमहानगरपालिकाको जनशक्तिबाट मात्र संम्भव नहुने भएकाले परामर्श सेवा लिन जरुरी भएको हुदाँ परामर्श सेवा दिने व्यक्ति वा विज्ञ समूहको मासिक पारिश्रमिक दररेट पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।स्वीकृत मासिक पारिश्रमिक दररेट पछाडी पानामा टाँस गरि प्रमाणित गरिएको छ ।

४. **डि.पि.आर. निर्माण तथा संभाव्यता अध्ययनका लागि आयोजनाहरु छनौट गर्ने सम्बन्धमाः-**

आ.व. ०७६।७७ को विनियोजन विधेयकमा उल्लेख भएको "डि.पि.आर. तयारी (पूँजीगत परामर्श सेवा)" शीर्षक अन्तर्गत तपसीलका आयोजनाहरु डि.पि.आर. तथा विस्तृत सम्भाव्यता अध्ययनका लागि छनौट गर्ने निर्णय गरियो

- बधशाला निर्माणको डि.पि.आर.
- भक्तराज कन्दङ्गवा स्मृति क्रिकेट रंगशाला निर्माणको डि.पि.आर.
- विजयपुरमा ४ वटा मुख्य मन्दिरहरु तथा विजयपुर दरवार क्षेत्रको पुरातात्विक पुर्ननिर्माणको डि.पि.आर.
- सप्तरंगी पार्कको विस्तृत गुरुयोजना तथा डि.पि.आर.
- साइन्स सिटी पार्कको डि.पि.आर.
- औद्योगिक ग्राम तथा पार्कको डि.पि.आर.
- पर्यटन प्रर्बद्धन लागि कोकाहा खोलामा बाँध निर्माण तथा कृत्रिम ताल निर्माणको विस्तृत सम्भाव्यता अध्ययन
- शिवजट्टा पर्यटकीय क्षेत्र विकासको विस्तृत गुरुयोजना तथा डि.पि.आर.
- रक क्लाइम्बिंग तथा रक गार्डेन विकासको विस्तृत गुरुयोजना तथा डि.पि.आर.
- सभागृह पुननिर्माणको डि.पि.आर.

५. **संघीय तथा प्रादेशिक सरकारको अधिकार क्षेत्रभित्र रहेका राजमार्ग तथा सडकहरुको क्षेत्राधिकारभित्र पर्ने क्षेत्रमा विभिन्न निर्माण तथा मर्मत कार्य गर्ने सम्बन्धमाः-**

धरान उपमहानगरपालिकाका हुदै जाने संघीय सरकार तथा प्रदेश सरकारको अधिकार क्षेत्र भित्र रहेका सबै राजमार्ग तथा सहायक मार्गहरु लगायतका संघीय तथा प्रादेशक सरकारको अधिकार क्षेत्रभित्र रहेका राजमार्ग तथा सडकहरुमा परेका खाल्डाखुल्डीहरु टाँल्न, फुटपाथहरु निर्माण तथा मर्मत गर्न, फुटपाथमा रेलिङ्गहरु लगाउन, बाटोछेउ फूलहरु रोप्न, पार्क तथा उद्यानहरु बनाउन लगायतका कामहरु गर्नका लागि सडक विभाग लगायत सम्बन्धित निकायसँग सहमति तथा स्वीकृति प्रदान गर्न बारम्बार अनुरोध गर्दा समेत सहमति तथा स्वीकृति प्राप्त नभएकोमा आकस्मिक दुर्घटना रोक्न, पैदल यात्रुलाई सुरक्षित गर्न, सवारी व्यवस्थापनमा सहजता ल्याउन तथा नगरको सौन्दरीकरण गर्न यस्ता प्रकारका कामहरु सञ्चालन गर्न उपमहानगरपालिका कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

६. **धुलिखेल नगरपालिका सँग भगिनी सम्बन्धमा स्थापना गर्ने सम्बन्धमाः-**

धुलिखेल नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गर्ने कार्यपालिकाको निर्णय अनुसार उक्त नगरपालिकासँग समन्वय गर्दा धुलिखेल नगरपालिका पनि तयार भएको भन्ने जानकारी प्राप्त भएकाले मिति २०७६/०७/५ गते भगिनी सम्बन्धको हस्ताक्षर समारोह आयोजना गर्ने निर्णय गरियो ।साथै सांस्कृतिक लगायत अन्य कार्यक्रमहरुको समेत समारोह आयोजना गर्ने निर्णय गरियो ।

७. **पर्यटन समितिका सहसंयोजकको सेवा सुविधा सम्बन्धमाः-**

धरान उपमहानगरपालिकाको पर्यटन प्रबर्द्धन समितिको सचिवालयबाट सहसंयोजक श्री किशोर कुमार राई (थुलुङ्ग)बाट धरानको पर्यटन प्रबर्द्धन सम्बन्धमा संघीय सरकार, प्रदेश सरकार तथाअन्य सरोकारवालाहरुसंग समन्वय, खोज र आवश्यक कार्य समेत गर्दै आउनु भएको हुँदा उहाँलाई २०७६ श्रावण महिना देखि लागु हुने गरी स्थानीय यातायात, संचार तथा खाजाखर्च वापत कर वाहेक मासिक रु. पन्ध्र हजार उपलब्ध गराउने निर्णय गरियो ।

८. **तीनकुने सुन्दर वस्ती जग्गा एकीकरण आयोजनाको समस्या समाधान गर्ने सम्बन्धमाः-**

धरान उपमहानगरपालिकाको मिति २०७४/०२/१२ गतेको नगर कार्यपालिका वैठकको निर्णय अनुसार उपप्रमुखज्यूको संयोजकत्वमा गठन गरीएको तीनकुने सुन्दर वस्ती जग्गा एकीकरण आयोजनाको समस्या समाधान गर्ने सम्बन्धमा गठीत न्यायिक समितिको मिति २०७६/०५/२७ मा बसेको वैठकमा भएको निर्णय एवं आयोजनाको तर्फबाट र असन्तुष्ट जग्गाधनीहरुको तर्फबाट भएको सहमती बमोजिमको जग्गा फिर्ता दिने निर्णय तत्काल कार्यान्वयन गर्ने र बाकी विषयहरु औचित्यका आधारमा प्रचलित कानून बमोजिम क्रमश कार्यान्वयन गर्दै जाने निर्णय गरियो साथै स्मार्ट बस पार्क लगायत आयोजनाको बाँकी काम अगाडी बढाउन बजेट श्रोतको व्यवस्था नगरपालिकाले गर्ने तथा आयोजनाको बाँकी हुन आउने सेल्स प्लट वापतको जग्गा उपमहानगरपालिकाले प्राप्त गर्ने समेत निर्णय गरियो ।

९. **नारी शिल्पकलाको नाममा रहेको जग्गा नगरपालिकाको स्वामित्वमा ल्याउने सम्बन्धमाः-**

धरान उपमहानगरपालिका वडा नं. १२ को धरान ९ ख कि.नं. ७९ को ०-२-१० जग्गा र सो जग्गामा बनेको जिर्ण अवस्थाको भवन समेत नारी शिल्पकला केन्द्रको नाममा रहेको र उक्त संस्था पञ्चायती व्यवस्थाको अन्त्य सँगै अस्तित्व समाप्त भएको हुँदा उक्त संस्थाको नाममा रहेको जग्गा र भवन समेत उपमहागरपालिकाको नाममा ल्याउन सम्बन्धित निकायहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

१०. **साहसिक खेलको पूर्वाधार तयार गर्ने सम्बन्धमाः-**

धरान १६ मा निर्माणधीन स्व. तारा सुब्ब स्मृती पार्कमा पर्यटन प्रवर्द्धन गर्न तारमा झुण्डीएर साथै तारमा साइकल कुदाउने खेल खेल्न पूर्वाधार तयारगर्न उक्त पार्कको उत्तरपट्टिबाट करिब ०-४-० (चार कठ्ठा) जग्गामा उक्त खेलको पुर्वाधार निर्माण गर्दा उचित हुने वडाको समेत राय प्राप्त भएकोले सार्वजानिक निजी साझेदारीका आधारमा उक्त पार्कमा माथि उल्लेखित खेलको पुर्वाधार तयार बनाउन तथा संचालन गर्ने प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

११. **शसस्त्र प्रहरी वलको वेस क्याम्प धरानलाई स्थायी बनाउन माग गर्ने सम्बन्धमा ।**

धरानको शान्ति सुरक्षा कायम गर्न हाल वराहवाहिनी पकली अन्तर्गत धरानमा रहेको शसस्त्र प्रहरी वलको वेस क्याम्पलाई स्थायी रुपमा स्थापना गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

आजको वैठक साझको ७:३० बजे समाप्त भयो ।

## धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धरान १२, सुनसरी, १ नं. प्रदेश
योजना तथा ईन्जिनियरिंग महाशाखा

### खरिद गुरु योजना

आ.व. २०७६।७७

मन्त्रालय/विभाग/आयोजना/कार्यालयः धरान उपमहानगरपालिका

बजेट उपशीर्षक नं. धरान उप महानगरपालिका (८०११४३०२१०१)

| सि.नं. | खरिको विवरण (मालसामान/ निर्माण कार्य / परामर्श सेवा , अन्य सेवा) | खरिद विधि (खरिद निकायको प्रकृति अनुसार) | अनुमानित रकम | प्याकेज संख्या | सम्झौताको किसिम | बार्षिक खरिद | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो वर्ष आ.व. ०७६/७७ | दोस्रो वर्ष आ.व. ०७७/७८ | तेस्रो वर्ष आ.व. ०७८/७९ | चौथो वर्ष आ.व. ०७९/८० | पाँचौ वर्ष आ.व. ०८०/८१ | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | विजयपुरका मुख्य मन्दिरहरु जोड्ने सडक स्तरोन्नति, धरान १४ | ठेक्का | २२,२४९,४०३।६३ | | ईकाई दर | ९,०००,०००।०० | १३,२४९,४०३।६३ | | | | |
| २ | हेल्थपार्क निर्माण, धरान १३ | ठेक्का | ५,७०७,३९४।५३ | | ईकाई दर | २,०००,०००।०० | ३,७०७,३९४।५३ | | | | |
| | कुल जम्मा | | २७,९५६,८०२।१६ | | | ११,०००,०००।०० | १६,९५६,७९८।१६ | | | | |

द्रष्टव्य : यो फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट परिमार्जन/संशोधन भएमा सोही बमोजिम परिवर्तन हुनेछ ।

तयार गर्ने अधिकृतः
दस्तखत :
पदः
मितिः
०७६।०८।०१
किरण मुजेल
योजना अधिकृत

रुजु गर्ने अधिकृतः
दस्तखत :
पदः
मितिः

कार्यालय प्रमुखः
दस्तखत :
पदः
मितिः

विभागीय प्रमुख/मन्त्रालयको सचिव
दस्तखत :
पदः
मितिः

## [illegible] उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

### परामर्श सेवा दिने व्यक्ति वा विज्ञ समूहको पारिश्रमिक

| क्र.सं. | विज्ञको तह । स्तर | मासिक पारिश्रमिकको आधार | पारिश्रमिक (मासिक) रु. | |
|---|---|---|---|---|
| १ | नेपाल सरकारको रा.पं. प्रथम श्रेणी सरह टिम लिडर, सहरी । क्षेत्रीय योजनाकार वा अन्य विषयगत विज्ञ | ५ वर्षभन्दा कम अनुभवको हकमा | 2 x (47,380 + 0 x 1,579) | 94,760.00 |
| | | कम्तिमा ५ वर्षको अनुभवको हकमा | 2 x (47,380 + 5 x 1,579) | 110,550.00 |
| २ | नेपाल सरकारको रा.पं. द्वितीय श्रेणी सरह टिम लिडर, सहरी । क्षेत्रीय योजनाकार, सिनियर ईन्जिनियर वा अन्य विषयगत विज्ञ | ५ वर्षभन्दा कम अनुभवको हकमा | 2 x (40,380 + 0 x 1,346) | 80,760.00 |
| | | कम्तिमा ५ वर्षको अनुभवको हकमा | 2 x (40,380 + 5 x 1,346) | 94,220.00 |
| ३ | नेपाल सरकारको रा.पं. तृतीय श्रेणी सरह आर्किटेक्ट, इन्जिनियर वा सो सरहको अन्य विषयगत विज्ञ | ५ वर्षभन्दा कम अनुभवको हकमा | 2 x (35,990 + 0 x 1,200) | 71,980.00 |
| | | कम्तिमा ५ वर्षको अनुभवको हकमा | 2 x (35,990 + 5 x 1,200) | 83,980.00 |
| ४ | सर्भेयर, क्याड अपरेटर, ओभरसियर (सब इन्जिनियर), अफिस म्यानेजर वा सो सरह | | 2 x (28200 + 5 x 940) | 65,800.00 |
| ५ | कम्प्यूटर अपरेटर, स्टोर किपर वा सो सरह | | 2 x (26610 + 5 x 887) | 62,090.00 |
| ६ | कार्यालय सहयोगी, हेल्पम्यान, चेन म्यान वा सो सरह (कार्यालय सहयोगी पाचौ स्तर) | | 26570 | 26,570.00 |

सिफारिस गर्ने

स्वीकृत गर्ने